उच्च अदालत, पोखरा
यसमा प्रस्तुत पाना २ को आदेश
अदालत पोखरा

श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

इजलास नं. ३

माननीय न्यायाधीश श्री मिलन कुमार राई

माननीय न्यायाधीश श्री उमेश कोइराला

# आदेश

मुद्दाः- <u>परमादेश सहित अन्तरिम आदेश</u>।

मुद्दा नं.:-०८०-WO-००९५

मनोज घर्तीमगर.....................................................................................निवेदक

<u>बिरुद्ध</u>

गण्डकी प्रदेश सरकार समेत ५..........................................................................विपक्षी

यसमा अन्तरिम आदेश छलफलको लागि पेश हुन आएको निवेदन अध्ययन गरी निवेदकको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री हरि प्रसाद सुवेदी र श्री सुरेन्द्र थापा मगर, अधिवक्ताहरु श्री विष्णु प्रसाद शर्मा, श्री जुना कुमारी गुरुङ, श्री मिलन आले सहित निवेदक श्री मनोज घर्तीमगर र विपक्षी गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका मन्त्री दिपेन्द्र बहादुर थापाको तर्फवाट विद्वान मुख्य न्यायाधिवक्ता श्री चिरन्जिवी शर्मा, विद्वान सहायक न्यायाधिवक्ता श्री वसन्त अर्याल तथा, पोखरा महानगरपालिका तथा ऐ.को वडा नं. ३१ को वडा कार्यालयको तर्फबाट अधिवक्ता श्री सुकदेव गौतम, ऐ.को वडा नं. ३१ को वडा अध्यक्षका तर्फवाट विद्वान अधिवक्ता श्री दुर्गेराज पन्त, विपक्षी वेगनास ताल डुंगा व्यवसायी संघको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री मुकुन्दराज अर्यालले गर्नु भएको बहस समेत सुनियो।

प्रस्तुत निवेदन वेगनास तालमा विपक्षीहरु मध्ये वेगनासताल डुंगा व्यवसायी समितिबाट प्रचलित कानून अनुसार वातवरणीय प्रभाव मूल्याङ्कन नगरी सञ्चालन भएको मोटरबोटबाट स्थानिय जलचर, पशुपक्षीको वासस्थान सहितको स्वच्छ वातावरणमा प्रतिकूल प्रभाव पर्ने तथा परम्परागत डुंगा

व्यवसायीको पेशा व्यवसाय समेतमा असर पुग्न जाने भएको हुँदा विपक्षीहरुवाट मोटरवोट सञ्चालन कार्य रोकी पाउँ भन्ने वेहोरा समेतको निवेदन वेहोरा रहेको देखियो।

निवेदन वेहोराको सन्दर्भमा पोखरा महानगरपालिकावाट च.नं. ३६४२, मिति २०८०।८।१३ को पत्रद्वारा विपक्षी वेगनासताल डुंगा व्यवसायी समितिलाई मोटरवोट सञ्चालन नगर्नु भन्ने पत्र वेहोरा सहित मोटरवोट वन्द भए नभएको अनुगमन गरी जानकारी दिनकालागि विपक्षी वडा नं. ३१ को कार्यालयलाई बोधार्थ पत्र समेत जारी भएको देखिएतापनि प्रस्तुत निवेदनको सुनुवाईको क्रममा वेगनास तालमा मोटरवोट सञ्चालन भई रहेको भन्ने सन्दर्भ रहेको भन्ने देखियो। निवेदकले उठाएको विषय प्राकृतिक रुपमा वेगनासतालको संरक्षण गर्नु पर्ने र सो तालमा आश्रित जलचर, पशुपंक्षी सहितको समग्र वातावरणको विषयवस्तु रहेको हुँदा सो विषयमा विपक्षीहरुवाट मोटरवोट सञ्चालनवाट हुन सक्ने क्षतिको समग्र वातावरणीय प्रभाव मूल्याङ्कन पछि मात्र गर्न सकिनेमा विना अध्ययन सञ्चालन गरिने त्यस्ता गतिविधिवाट अपूरणीय क्षति हुन जाने सम्भावना समेतलाई दृष्टिगत गरी वेगनासतालमा हुने दुर्घटना वा दैवि परी हुने क्षति हुन गएको अवस्था साथै तत्काल स्वास्थ्य सम्वन्धमा नागरिहरुको उद्दारका लागि प्रयोग गर्ने अवस्थामा वाहेक पोखरा महानगरपालिकाको मिति २०८०।३।१३ मा विपक्षी वेगनासताल डुंगा व्यवसायी समितिवाट सञ्चालित मोटरवोट सञ्चालन नगर्नु भन्ने पत्र अनुसारको कार्य प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागे सम्म कार्यन्वयन गर्नु गराउनुको साथै सो सम्वन्धमा नियमित अनुगमन गर्नु गराउनु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियमा ४२ वमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई नियम अनुसार दिनू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८० साल माघ २५ गते रोज ५ शुभम्.............................................।